# सलह  किरा सम्बन्धमा मेलम्ची नगरपालिका कृषि बिकास शाखाको कृषकहरुलाई अनुरोध ।

यो मरुभुमिमा पाइने छोटो एन्टेना भएको फट्याङग्राको एक प्रजाति हो । किराको संख्या कम भएको बेला एकल तथा संख्या बढि  तथा खानाको कमि भएपछि झुण्ड मा हिडने गर्दछ । एक  झुण्डमा करिब २ देखि ८ करोडको संख्यामा रहेका हुन्छन । वयस्क अबस्थामा झण्डै चौर ओला जत्रै हुन्छ । यो किरा दिनको समयमा हावाको बहाव संगै प्रति दिन १५० किलोमिंटर टाढा सम्म उढन सक्छ ।सूर्यास्त संगै रुख बिरुवा लगाएत अन्य स्थानमा आश्रय लिन्छ र बिहान सूर्योदय संगै १-२ घण्टा घाम तापेपछि मात्र खानेकुरा खान थाल्दछ ।यो किराले प्रतिदिन आफ्नो तौल बराबरको खानेकुरा खाने गर्दछ ।यो किराले बालुवामा १५ देखि २० से.मि भित्र पर्ने गरि अण्डा पार्दछ र नेपालमा मरुभुमि नभएको कारणले यसले नेपालमा सन्तान्न उत्पादन गर्न सक्दैन तसर्थ न आत्तिउ सचेत रहौं ।

## यदि सहल किरा देखा परेमा निम्न उपाय अपनाउनुहोस ।

- यो एक उच्च पोसिलो किरा भएकाले कुखुराको दाना बनाउन प्रयोग गर्न सकिन्छ
- सलह  आएको देखेपछि ठुलो स्वरमा स्पिकरहरु बजाउने, थाल लगाएत सामाग्रि बजाई आवाज निकाल्ने धुवा पार्ने झुण्डलाई अन्त मोडदिने ।
- धान तथा तरकारी बालीको ब्याड लाइ झुल तथा अन्य जालिले छोप्नुहोस ।

यदि रसायनीक बिषादी प्रयोग गर्नु परेमा घाम नलाग्दै बास बसेको ठाँउ पत्ता लगाइ निम्न बिषादीको प्रयोग गर्नुहोस । बिषादी प्रयोग गर्दा अनिबार्य रुपमा सुरक्षित पहिरन (माक्स, पन्जा, टोपी, गमबुट, चस्मा) प्रयोग गर्नुहोस ।

| बिसादीको सामान्य नाम | बिषादी प्रति लिटर पानिमा |
|---|---|
| मालाथियन ५० प्रतिशत ई.सि | ३ मि.लि |
| क्लोरोपाइरिपस २० प्रतिशत ई.सि | १.८८ मि.लि |
| डेल्ट्रामेथ्रिन २.८ प्रतिशत | ०.७५ मि.लि |
| ल्याम्डा साइहेलीथ्रीन ५ प्रतिशत | ०.७० मि.लि |

यदि समस्या देखा परेमा तुरुन्त  मेलम्ची नगरपालिका कृषि बिकास शाखा वा एकिकृत सेवा केन्द्रमा सम्पर्क राख्नुहुन अनुरोध  छ । साथै थप जानकारीको लागी अमर नाथ आचार्य ९८४५७७५०३१, हरिगोपाल श्रेष्ठ ९८५११७०४७३, रमा लामिछाने ९८५१२२८५३६ शोभा चालिसे ९८४९२६६११२ लाई सम्पर्क गर्नसक्नुहुनेछ ।

मेलम्ची नगरपालिका नगर कार्यपालिकाको कार्यालय कृषि बिकास शाखा बागमती प्रदेश, नेपाल